# चौंरीदेउराली गाउँपालिका
# Chaunrideurali Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

चौंरीदेउराली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

मिति:२०७९/०२/२६

## सूचना !　　　सूचना !!　　　सूचना !!!

**बिषय: स्थानीय तहमा सञ्चालित SUTRA प्रणाली बन्द भई भुक्तानी नहुने सम्बन्धमा ।**

*श्री सरोकारवाला सबै,*

उपर्युक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० अनुसार आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा १ हप्ता अगाडी नै भुक्तानी दिइ खर्चको लेखा अद्यावधिक गरी सम्पुर्ण भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।

सो प्रयोजनका लागि यस आ.व. २०७८/०७९ मा महालेखा नियन्त्रक कार्यालयको निर्देशानुसार मिति २०७९/०३/२३ गते देखि नै SUTRA प्रणाली बन्द हुनसक्ने भएकाले यस गाउँपालिकाबाट भुक्तानी हुने सबै चालु कार्यक्रम तथा पुँजीगत योजनाहरु मिति २०७९/०३/१५ गते भित्र कार्यसम्पन्न गरी भुक्तानीको लागि प्रक्रिया पुऱ्याई आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिनुहुन अनुरोध छ । साथै उक्त मिति भित्र भुक्तानीका लागि पेश हुन नसकी भुक्तानी हुन नसकेमा सो को जिम्मेवारी सम्बन्धित व्यक्ति/शाखा/वडा कार्यालय/फर्म तथा उपभोक्ता समिति नै हुने व्यहोरा जानकारीका लागि सबैमा अनुरोध छ ।

..........................　　　　　　　　..........................
(मनिला चाम्लिङ्ग)　　　　　　　　(महान दास लामा)
लेखा प्रमुख　　　　　　　　प्रमुख प्रशासकीय अधिकृत